# लेटाङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यलय
## कोशी प्रदेश लेटाङ मोरङ

प. स. २०८२/८३ मिति २०८२/०९/01
च. न.

---

४५ दिने (१८०) घण्टे ब्युटिपार्लर सम्वन्धि तालिम संचालन सम्वन्धि कार्यक्षेत्रगत शर्त (TOR)

**१. पृष्ठभूमि :**

बर्तमान संविधानले परिकल्पना गरेको स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाको समग्र विकासमा आधारित समृद्धसँग जोडिएका तमाम योजनाहरको सफल कार्यन्वयनलाई प्रभावकारी बनाउनु सम्वन्धित सरोकारवालाहरको अहम कर्तव्य भित्र पर्दछ । बर्तमान परिवेशमा स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था बमोजिम जनप्रतिनिधि कर्मचारी स्थानीयबासी लगायत सम्वन्धित सरवकारवालाको अन्तर्निहित सीप र क्षमताको थप विकास गर्दै यसको सहि सदुपयोग गर्ने वातावरण विकास गर्नु तथा योजना तर्जमा र कार्यान्वयनमा उनीहरुको सहभागितालाई अभिवृद्धि गर्दौ थप वलियो बनाउनु अनिवार्य भएकव छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारण गरेको क्षेत्राधिकारलाई समेट्दै नगरपालिकाको समग्र विकासलाई बलियो भरपर्दो र यथार्थपरक बनाउन सीप विकास सम्वन्धि ब्युटिपार्लर तालिम लिई स्वोरोजगार /रोजगारी सिर्जना गरि महिलाहरुको आर्थिक शसक्तिकरण गर्ने तथा व्यवसाय प्रवर्दन गर्ने उदेश्यका साथ ४५ दिने (१८०घण्टे) ब्यटिपार्लर तालिम संचालनको लागि यस कार्यक्षेत्रगत शर्त बनाईको हो।

**२. कार्यक्रमको उदेश्य :**

क) उद्यमशीलता प्रर्वदन गर्नु।

ख) महिलाहरुको आर्थिक सशक्तिकरण गर्नु।

ग) रोजगारी तथा स्वरोजगारी सृजना गर्नु ।

**३. सेवा प्रदायको योग्यता कार्यक्षेत्र र गर्नुपर्ने कामहरु :**

क ४५ दिने (१८०घण्टे ) ब्युटिपार्लर तालिम सञ्चालनको उदेश्य राखी नेपाल सरकारका निकायहरुमा दर्ता भएका फर्म संस्था कम्पनीहरु र चालु आ व को नविकरण/अध्यावधिक गरेको पत्र ।

ख प्रचलित कानुन अनुसार स्विकृति संबन्धन लिनुपर्ने वियषहरमा संबन्धन  हुनुपर्ने । अन्य संबन्धित निकायबाट अनुमति लिनुपर्ने विषयहरुमा सम्बन्धन लिएको।

ग) PAN/VAT मा दर्ता भएको ।

घ) आ व ०८२/८३ सम्मको कर चुक्ताको प्रमाणपत्र भएको।

ङ) नगरपालिकामा सुचिकृत भएको।

**४. तालिम प्रदायक संस्थाहरुको तोकिएको उदेश्यहरु हासिल हुने गरि देहाय बमोजिमका अवधिसम्म तालिम संचालन गर्नुपर्नेछ।**

| क स | तालिम सञ्चालन गर्ने स्थान | तालिमको विषय | प्रशिक्षार्थीको सङ्ख्या | रकम प्रतिव्यक्ति VAT सहित रु | तालिम समुह | तालिम अबधी |
|---|---|---|---|---|---|---|
| १ | लेटाङ नगरपालिका क्षेत्र भित्र | ब्युटिपार्लर सम्वन्धि आधारभूत | २० जना | १०००० | १ | ४५ दिन १८० घण्टे |

- काम सन्तोषजनक नभएमा रकम भुक्तनी दिन कार्यालय बाध्य हुने छैन ।
- प्रस्तावित काम परामर्शदाताले सव-कन्ट्राकमा दिन सक्ने छैन ।
- प्रस्ताव पेश गर्दा झुठा विवरण समावेश गरिएको पाईएमा सोको छानविन गरी प्रस्ताव रदगरिनेछ ।
- प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमाल टिप्पणी गर्न पाउने छैन ।

**५. सेवा प्रदायक संस्थाको मुख्य जन शक्तिको काम तथा योगयता**

क प्रशिक्षकको योगयता :

- मान्यता प्राप्त शिक्षण संस्थाबाट ब्युटिसीयन तह १ को सीप परीक्षा उत्तीर्ण र कम्तिमा ३ बर्षको कामको अनुभव भएको।

**६. सेवा प्रदायक संस्थासँग प्रस्ताव माग गर्ने र पेश गर्ने सम्वन्धमा:**

- प्रस्तावकहरुले आर्थिक प्रस्ताव पेश गर्ने सुचना प्रस्ताव पेश गरि स्वीकृत भएपछि प्रस्तावित कार्यविधि,कार्ययोजना,जनशक्तिको वैयक्तिक विवरण तथा प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजात लगायतका कुराहरु समावेश गर्नुपर्नेछ।
- आर्थिक प्रस्तावको प्रत्यावको प्रत्येक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले सहि गरि संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

**७.आर्थिक प्रस्ताव मुल्याङ्कन आधारहरु:**

- तोकिएका न्यूनतम आधार पुगेको र सवैभन्दा न्युन कवोल गर्ने प्रस्तावदाताका प्रस्तावलाई स्वीकृत गरिनेछ।

**८. सेवा प्रदायक संस्थाको दायित्य/भूमिका**

- तालिम सञ्लनका लागि स्थान तालिम सामाग्री औजार तथा उपकरणहरु आवश्यक्तानुसार व्यवस्था गर्नुपर्नेछ ।
- तालिमका सहभागिहरुलाई दैनिक खाजा तथा अन्य कुराहरुका सम्वन्धमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
- तालिममा सहभागिहरुको न्यूनतम ९० प्रतिशत रुजु हाजिर भएको हुनुपर्ने ।
- तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र प्रदान गर्नुपर्ने।
- सम्झौता बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसकेपछि पनि सम्झौताको म्याद समाप्त भएको दिनबाट थप १ महिनाको दाहित्व अवधि सेवा प्रदायकमा रहनेछ ।
- परामर्शदाताले सञ्चालन गरेको तलिमको सम्वन्धमा कुनै सिकायत प्राप्त भएको पुन:सो तालिम सञ्चालन गर्नपर्नेछ।उक्त कार्यका लागि लाग्ने खर्च तालिम प्रदायिकले नै व्यहोर्नु पर्नेछ।
- तालिम सञ्चालनको क्रममा नेपाल सरकारलाई कुनै कर तथा दायित्व व्यहोर्नु पर्ने भएमा सोको जिम्मेवार सम्बन्धित तालिम प्रदायक स्वमं हुनेछ ।

**९.क्षतिपूर्ति तथा हर्जना सम्वन्धि व्यस्था:**

सेवा प्रदायकको ढिलासुस्ती वा अन्य कारणले प्रस्ताव तथा पछि सम्पन्न गरिने सम्झौतामा तोकिए सोको जिम्वेवार सम्वन्धित तालिम प्रदायकले नै व्यहोर्नु पर्नेछ ।

**१०.अनुगमन सुपरिवेक्षक तथा सिफारिस:**

४५ दिने (१८०घण्टे) ब्युटिपार्लर तालिम संचालनका क्रममा बीच बीचमा तालिमको अनुगमन/सुपरिवेक्षण गर्न नगरपालिकाबाट पदाधिकारी/कर्मचारीहरु पनि खटाउन सकिनेछ।

- सेवा प्रदायक फर्म संस्था वा कम्पनीले नगरपालिकाबाट तोकिएको स्थानमा तालिम प्रदान गर्नसपर्नेछ।
- तालिममा संलग्न हुने सहभागिहरु सम्झैतामा उल्लेख भए बमोजिम वा नगरपालिकाले तोके बमोजिम हुनेछ।
- तालिम दिनको ४ घण्टा वा आवश्यक्तानुसार संचालन गर्न सकिनेछ।

**११.सेवा प्रदायक संस्थाले उपलब्ध गराउने सूचना तथा अन्य विवरण:**

- कार्यक्रम सञ्चालनको क्रममा आईपर्ने समस्याहरु अन्य आवश्यक विषय र परिस्थितिमा सूचना आदान-प्रदान गर्नुपरेमा नगरपालिमा समुपर्क गर्नु पर्नेछ। साथै आर्थिक कारोबार तथा करको सम्वन्धमा नगरपालिकाको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नुपर्नेछ ।
- नगरपालिकासँग सम्झैता भए पछि काम शुरु गर्नुपर्ने। साथै सम्पूर्ण तालिम कार्यक्रम सम्झैतामा तोकिएको मिति र समय भित्र सम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ।
- विदा वा बन्द भई समय अपुग हुने अवस्था भएमा अन्य दिन तालिम सञ्चालन गरेर भए पनि तोकिएको कार्य घण्टा पुरा गरेको हुनुपर्नेछ।
- नगरपालिका र सेवा प्रदाय विच सम्पन्न सम्झैताका शर्तहरु बमोजिम तालिम कार्यक्रम आदानप्रदान गर्नुपरेमा नगरपालिकामा सम्पर्क गर्नुपर्नेछ।
- यस TOR सहितको प्रस्तावमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम सो बाहेक अन्य कुराहरको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. तालिमको विषयवस्तु :**

तालिमको विषयवस्तु छनौट गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद पाठ्यक्रम विकास महाशाखाको सहायक ब्युटिसीयन (१८० घण्टे)को पाठ्य संरचना बमोजिम हुनेछ ।

खर्च शिर्षक

| क्र स | खर्च शिर्षक | दर | परिमाण | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रशिक्षक | १५००। | ४५ | ७०,०००। | |
| २ | कच्चा पदार्थ | । | | ७०,०००। | |
| ३ | मेसिन औजार भाडा | | | २०,०००। | |
| ४ | कोठा भाडा | | | २०,०००। | |
| ५ | विवध ( उद्घघाटन /समापन /प्रमाणपत्र व्यवस्थापन ) | | | २०,०००। | |
| | जम्मा | | | २,०००००। | |